पृथा उत्तरगंगा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तकसेरा रुकुम पूर्व
कार्यपालिकाको वैठमा उपस्थिति हाजिरी

| सि न | नाम थर | पद | मिति २०७८।२।२२ | मिति २०७८।२।२३ | मिति २०७८।२।२४ |
|---|---|---|---|---|---|
| १ | श्री ओम प्रकास घर्ति | गा पा अध्यक्ष | [signature] | [signature] | [signature] |
| २ | श्री ओम कुमारी शाहि मल्ल | गा पा उपाध्यक्ष | [signature] | [signature] | [signature] |
| ३ | श्री मकर वहादुर गुरुङ | वडा अध्यक्ष | | | |
| ४ | श्री सतसिह बुढा | वडा अध्यक्ष | | | |
| ५ | श्री ढोक्रा बुढा | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ६ | श्री वर वहादुर पुन | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ७ | श्री काली प्रसाद रोका | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ८ | श्री टोपे सेन | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ९ | श्री हेमजङ घर्ति | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १० | श्री भिम वहादु मल्ल | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| ११ | श्री सुर वहादुर रोका | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १२ | श्री ज्योतिमान गुरुङ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १३ | श्री जय कुमार बुढा | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १४ | श्री गगा वहादुर पुन | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १५ | श्री दिनेश गुरुङ | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १६ | श्री हर्कमान बुढा | वडा अध्यक्ष | [signature] | [signature] | [signature] |
| १७ | श्री जिताराम कामी | कार्यपालिका सदस्य | [signature] | [signature] | [signature] |
| १८ | श्री सुनिता सुनाम | कार्यपालिका सदस्य | | [signature] | [signature] |
| १९ | श्री ज्योतिलाख घर्ति | कार्यपालिका सदस्य | | | |
| २० | श्री लहरी बुढा | कार्यपालिका सदस्य | | | |
| २१ | श्री गणे कामी | कार्यपालिका सदस्य | [signature] | [signature] | [signature] |
| २२ | वशिष्ट नारायण यादव | नि प्रमुख प्र अधिकृत | [signature] | [signature] | [signature] |

**प्रस्तावहरु :**

१. गाउँपालिका अन्तर्गतका सार्वजनिक जग्गाहरुमा सरकारी संरचनाहरु निर्माण गर्ने सम्बन्धमा ।
२. पालिका स्तरीय अस्पताल निर्माण सम्बन्धमा ।
३. कार्यक्रम अनुमोदन सम्बन्धमा ।
४. रकमान्तर अनुमोदन सम्बन्धमा ।
५. बजेट रकमान्तर सम्बन्धमा ।
६. आ.व. २०७८/०७९ को बजेट सिलिङ सम्बन्धमा ।
७. LISA को प्रारम्भिक नतिजा माथि छलफल सम्बन्धमा ।
८. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. मातृभाषामा आधारित वहुभाषा प्रवर्द्धन तथा संरक्षण निर्देशिका २०७८ सम्बन्धमा ।
१०. विपद व्यवस्थापनतर्फ क्षतिपूर्ति अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

**निर्णय नं १ .**

प्रस्ताव नं १ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका बिभिन्न स्थानहरुमा रहेका सार्वजनिक जग्गाहरुमा सरकारी कार्यालयहरु निर्माण गर्न अनुमतिको लागि श्री जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वमा सहजीकरणका लागि अनुरोध गर्ने साथै गाउँपालिकाले सो सम्बन्धी कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं २ .**

प्रस्ताव नं २ मा छलफल गर्दा यस गाउँपालिकाको भौगोलिक विकटतालाई मध्यनजर गर्दै हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट मात्रै सेवा प्रवाह गर्न कठिन भएकोले आव २०७६/०७७ मा बसेको गाउँकार्यपालिकाको बैठकमा निर्णय भए अनुसार यस गाउँपालिका वडा नं ११ लाकुरीचौर रिक्षिममा गाउँपालिकास्तरको थप १५ शैयाको अस्पताल निर्माण गर्नको लागि सम्बन्धीत निकायमा माग लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं ३ .**

प्रस्ताव नं ३ मा छलफल गर्दा देहायबमोजिमका कार्यक्रमहरु खर्चको लागि अनुमोदन गर्ने निर्णय गरियो :

**<u>क. नविकरणीय उर्जा कार्यक्रम – जम्मा रु ९ लाख</u>**

- स्वास्थ्य चौकी हुकाम पावर ब्याकअप – रु ५ लाख
- सौर्य उर्जा / जलविद्युतमा अनुदान – रु ४ लाख

**ख. कन्टिन्जेन्सी खर्च :**

- प्राथमिक स्वास्थ्य केन्द्र कोल व्यवस्थापन – रु २ लाख
- स्वास्थ्य चौकी तकसेरा व्यवस्थापन – रु २ लाख
- फलफुल बगैँचा संरक्षण एवम् प्रवर्द्धन – रु २ लाख
- गाउँपालिकामा खानेपानी तथा शौचालय व्यवस्थापन – रु ३ लाख

**ग. संघीय सरकारबाट हस्ताणतरित अनुदान :**

- आव २०७७/०७८ मा संघीय सरकारबाट हस्ताण्तरित अनुदानमा ५० प्रतिशत लागत साझेदारीमा फलफुल दशक अन्तर्गत स्थानीय तहमा सुन्तला जातका बिरुवा रोपन अभियान कार्यक्रम संचालन गर्नको लागि २ पटक सूचना प्रकाशन गर्दा पनि जम्मा २० हजार बिरुवाहरुको माग आएको र पहाडको अधिकांश भाग सुन्तला जातको फलफुलको लागि उपयुक्त नरहेको हुँदा उक्त शिर्षकमा विनियोजित बजेटबाट स्थानीय कृषकको मागलाई ध्यानमा राखी माग अनुसार टिमुर / अलैँचीको बिरुवा वितरण गर्ने निर्णय गरियो।
- सशर्त अनुदानमा स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड कार्यान्वयन शिर्षकमा प्राप्त बजेट रु ३ लाखलाई श्री प्राथमिक स्वास्थ्य केन्द्र कोल व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं ४ :**

प्रस्ताव नं ४ मा छलफल गर्दा मिति २०७७।१०।१७ को नवौँ गाउँसभाले गरेको निर्णयानुसार ११ वटा बिभिन्न वडाहरुबाट प्राप्त सिफारिस अनुसार गरिएको बजेट रकमान्तरलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५ :**

प्रस्ताव नं ५ मा छलफल गर्दा देहायबमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

**हालको खर्च शिर्षक :**

- कृषि – जैविक विविधता प्रवर्द्धन कार्यक्रम – रु २ लाख
- कृषि – स्थलगत तालिम – रु १ लाख ४० हजार
- कृषि – रैथाने बाली प्रवर्द्धन कार्यक्रम – रु २ लाख
- कृषि – एक गाउँ एक प्राविधिक तलब भत्ता – रु १ लाख
- पशु – एक गाउँ एक प्राविधिक तलब भत्ता – रु १ लाख
- पशु - ३ दिने भेडाबाख्रा पालन तालिम – रु १ लाख

- पशु – विमा सम्बन्धी १ दिने तालिम – रु १ लाख ४० हजार

**बजेट थपिने खर्च शिर्षक :**

- कार्यालय संचालन तथा प्रशासनिक खर्च – रु ९ लाख ८० हजार मात्र।

**निर्णय नं ६ :**

आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि देहायबमोजिम आय तथा व्ययको अनुमानित विवरण गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो।

| **आ.व. २०७८/०७९ को लागि अनुमानित राजश्व विवरण :** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **स्रोत** | **रकम** | **कैफियत** |
| १ | संघीय वित्तीय समानिकरण अनदान | १०७८०००००. | |
| २ | संघीय सशर्त अनुदान | २०७५०००००. | |
| ३ | संघीय विशेष अनुदान | १९१०००००. | |
| ४ | संघीय राजश्व बाडफाँट | ८३६७१०००. | |
| ५ | प्रदेश समानिकरण अनुदान | ५१२४०००. | |
| ६ | प्रदेश राजश्व बाँडफाँट | ६२४५३००. | |
| ७ | आन्तरिक श्रोत | ५००००००. | |
| **जम्मा** | | **४३,४४,४०,३००.** | |

**विनियोजन तर्फ :**

| श्रोतगत बजेट विनियोजन | | | | | | |
|---|---|---|---|---|---|---|
| राजश्व अनुमान | संघीय समानिकरण अनुदान | प्रदेश समानकिरण अनुदान | संघीय राजश्व बाँडफाँट | प्रदेश राजश्व | आन्तरिक श्रोत | जम्मा |
| | 107800000.00 | 5124000.00 | 83671000.00 | 6245300.00 | 5000000.00 | 207840300.00 |
| विनियोजन | | | | | | |
| शिक्षा | 30000000.00 | | 20000000.00 | | | 50000000.00 |
| स्वास्थ्य | 9000000.00 | | | | | 9000000.00 |
| कृषि | 4000000.00 | | 500000.00 | | 500000.00 | 5000000.00 |
| पशु | 4000000.00 | | 500000.00 | | | 4500000.00 |
| सामाजिक समावेशीकरण | 2500000.00 | 500000.00 | | | | 3000000.00 |
| समपुरक कोष | 10000000.00 | | | | | 10000000.00 |
| चालु | | | 56500300.00 | | 3500000.00 | 60000300.00 |
| रोजगार कार्यक्रम | | | | 3700000.00 | | 3700000.00 |
| प्रकोप व्यवस्थापन | 4000000.00 | | | | 1000000.00 | 5000000.00 |
| वडा कार्यालय भवन निर्माण | 4500000.00 | | | | | 4500000.00 |
| वडा कार्यालय शौचालय निर्माण | 2840000.00 | | | | | 2840000.00 |
| दायित्व बाँकी भुक्तानी | 6000000.00 | | | | | 6000000.00 |
| सडक पूर्वाधार निर्माण | 9000000.00 | | | | | 9000000.00 |
| छात्रवृत्ति अनुदान | | 1000000.00 | | | | 1000000.00 |
| वडागत विनियोजन | 21960000.00 | 3624000.00 | 6170700.00 | 2545300.00 | 0.00 | 34300000.00 |
| जम्मा | 107800000.00 | 5124000.00 | 83671000.00 | 6245300.00 | 5000000.00 | 207840300.00 |
| बाँकी | | | | | | |
| जम्मा | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| प्रतिवडा विनियोजन | 1568571.43 | 258857.14 | 440764.29 | 181807.14 | 0.00 | 2450000.00 |

यसैगरी दिइएको सिलिङको आधारमा बिभिन्न वडाहरु एवम् विषयगत शाखाहरुबाट व्ययको विवरण २०७८ जेठ ३० गतेभित्र गाउँकार्यपालिकाको कार्यालयमा पेश हुने गरी कारबाही अगाडि बढाउने निर्णय गरियो।

## निर्णय नं. ७ :

नेपाल सरकारद्वारा स्वीकृत स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम स्वमूल्याङ्कन गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा मिति २०७७।१२।११ देखि मिति २०७७।१२।१३ सम्म मिति २०७८।०२।२४ मा सञ्चालित स्वमूल्याङ्कन अभिमुखीकरण तथा कार्यशालाबाट तयांर गरिएको स्वमूल्याङ्कनको प्रारम्भिक नतिजाउपर छलफल, आवश्यक कागजात जाँच गरी तपसिल बमोजिमको अन्तिम नतिजा स्वीकृत गरी नतिजा सार्वजनिक तथा प्रतिवेदन गर्ने निर्णय गरियो ।

| सि.नं. | सूचक नं. | सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सूचक क्षेत्र १: शासकीय प्रबन्ध | | | | |
| 1 | 1.1.1 | सभाको सञ्चालन प्रक्रिया | 1 | | | |
| 2 | 1.1.2 | कार्यपालिकाको निर्णय प्रक्रिया | 1 | १ | | |
| 3 | 1.1.3 | सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका,कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | 1 | 0 | | |
| 4 | 1.2.1 | सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि | 1 | 0 | | |
| 5 | 1.2.2 | कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) | 1 | | | |
| 6 | 1.2.3 | आन्तरिक नियन्त्रण प्रणाली | 1 | 0 | | |
| 7 | 1.2.4 | स्थानी तहका पदाधिकारीहरुको सम्पत्ती विवरण | 1 | 1 | | |
| 8 | 1.3.1 | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | 1 | 0 | | |
| 9 | 1.3.2 | लेखा प्रणालीमा SUTRA को प्रयोग | 1 | 0.5 | | |
| | | सूचक क्षेत्र २: शासकीय प्रबन्ध | | | | |
| 10 | 2.1.1 | गाउँ/नगरपालिकाको क्षमता विकास | 1 | 0 | | |
| 11 | 2.1.2 | प्रतिवेदन तथा विवरण प्रेषण | 1 | 0 | | |
| 12 | 2.2.1 | विषयगत विभागरमहाशाखा, शाखा, उपशाखा, एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण | 1 | 0.5 | | |
| 13 | 2.2.2 | स्थानी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति | 1 | 1 | | |
| 14 | 2.2.3 | कर्मचारीहरुको कार्य सम्पादन सम्झौता | 1 | 0 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 15 | 2.3.1 | जनशक्ति क्षमता विकासमा लगानी | 1 | 0.5 | | |
| 16 | 2.3.2 | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति (दिन)। (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत) | 1 | 0.5 | | |
| 17 | 2.3.3 | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। | 1 | 0.5 | | |
| **सूचक ३: बाषिक बजेट तथा योजना** | | | | | | |
| 18 | 3.1.1 | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जामा | 1 | 0.5 | | |
| 19 | 3.1.2 | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संबद्ध समिति र समन्वय | 1 | 0.5 | | |
| 20 | 3.2.1 | दीगो विकासमा लक्ष्यहरुको स्थानीयकरण | 1 | 0 | | |
| 21 | 3.2.2 | विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण | 1 | ० | | |
| 22 | 3.2.3 | बजेट प्रस्तुती तथा स्वीकृति | 1 | 0.5 | | |
| 23 | 3.2.4 | गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन | 1 | 0 | | |
| 24 | 3.3.1 | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा। | 1 | 0 | | |
| 25 | 3.3.2 | पाँच लाखभन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा | 1 | 0.5 | | |
| 26 | 3.3.3 | वार्षिक आन्तरिक आय वृद्धि गत वर्षको तुलनामा | 1 | 0 | | |
| 27 | 3.3.4 | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स.को नगद लागत साझेदारी। (स्थाससंऐन दफा 25) | 1 | 0 | | |
| 28 | 3.3.5 | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट | 1 | 1 | | |
| **सूचक क्षेत्र ४: बित्तीय एवम् आर्थिक व्यवस्थापन** | | | | | | |
| 29 | 4.1.1 | आन्तरिक स्रोत | 1 | 0 | | |
| 30 | 4.1.2 | वित्तिय अनुशासन | 1 | 0 | | |
| 31 | 4.2.1 | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | 1 | 0.5 | | |
| 32 | 4.2.2 | आय र व्ययको विवरण सार्वजनिकीकरण | 1 | 0 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 33 | 4.2.3 | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना बार्षिक खरिद योजना तयारी र कार्यान्वयन | 1 | 0 | | |
| 34 | 4.2.4 | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | 1 | 0.5 | | |
| 35 | 4.3.1 | रकमान्तर | 1 | ० | | |
| 36 | 4.3.2 | प्रशासनिक खर्च | 1 | 0 | | |
| 37 | 4.3.3 | पूँजीगत खर्च | 1 | 1 | | |
| 38 | 4.3.4 | राजस्व सङ्कलन | 1 | 0 | | |
| 39 | 4.3.5 | खर्च गर्ने अख्तियारी | 1 | ० | | |
| सूचक क्षेत्र ५: सेवा प्रवाह | | | | | | |
| 40 | 5.1.1 | सेवा प्रवाह | 1 | 0 | | |
| 41 | 5.1.2 | वडाले उपलब्ध गराउने सेवा | 1 | 0.75 | | |
| 42 | 5.1.3 | सेवा प्रतिको सन्तुष्टी | 1 | 0 | | |
| 43 | 5.2.1 | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्यूटर विलिङ प्रविधिको प्रयोग | 1 | 0 | | |
| 44 | 5.2.2 | सेवा प्रवाहको मापदण्ड (SOP) | 1 | 0 | | |
| 45 | 5.2.3 | बैङ्किङ प्रणालीबाट भुक्तानी | 1 | 0 | | |
| 46 | 5.2.4 | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था | 1 | ० | | |
| 47 | 5.3.1 | गुनासो फछर्यौट | 1 | 0 | | |
| 48 | 5.3.2 | सामाजिक सुरक्षा भत्ता बैङ्क खातामार्फत भुक्तानी | 1 | 0 | | |
| 49 | 5.3.3 | जन्मेको मितिले 35 दिनभित्र दर्ता भएको कूल जन्म दर्ता संख्या | 1 | 0 | | |
| 50 | 5.3.4 | सार्वजनिक सुनवाइ | 1 | 0 | | |
| 51 | 5.3.5 | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग सेवाका क्षेत्रहरु (खेप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवाहरु व्यक्तिगत घटना दर्ता आदी) | 1 | 0 | | |
| 52 | 5.3.6 | शिक्षामा सबै बालबालिकाको पहुँच | 1 | ० | | |
| 53 | 5.3.7 | स्वास्थ्य सेवामा नागरिकको पहुँच | 1 | 0.5 | | |
| 54 | 5.3.8 | कृषि र पशु सेवा | 1 | 0 | | |
| 55 | 5.3.9 | स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण | 1 | 0 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **सूचना क्षेत्र ६: न्यायिक कार्यसम्पादन** | | | | | |
| 56 | 6.1.1 | न्याय सम्पादन | 1 | ०.७५ | |
| 57 | 6.2.1 | मेलमिलाप कर्ताको व्यवस्था | 1 | ० | |
| 58 | 6.2.2 | न्यायिक समितिको निर्णय प्रकृया | 1 | १ | |
| 59 | 6.2.3 | न्यायिक समितिको प्रतिवेदन प्रणाली | 1 | ० | |
| 60 | 6.3.1 | उजूरी फर्छ्यौट | 1 | ०.५ | |
| 61 | 6.3.2 | न्ययिक समितिको निर्णय उपर पुनरावेदन | 1 | ० | |
| 62 | 6.3.3 | मेलमिलाप केन्द्र गठन | 1 | ० | |
| **सूचक क्षेत्र ७: भौतिक पूर्वाधार** | | | | | |
| 63 | 7.1.1 | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | 1 | 0 | |
| 64 | 7.1.2 | जोखिम संवेदनशील भूउपयोग योजना | 1 | 0 | |
| 65 | 7.1.3 | भौतिक पूर्वाधार विकासमा सार्वजनिक- निजी साझेदारी नीति | 1 | 0 | |
| 66 | 7.2.1 | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार | 1 | 0 | |
| 67 | 7.2.2 | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | 1 | 0 | |
| 68 | 7.2.3 | आयोजनाको वातावरणीय अध्ययन- प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) | 1 | 0 | |
| 69 | 7.2.4 | राष्ट्रिय भवनसंहिता र मापदण्ड | 1 | 0 | |
| 70 | 7.3.1 | सडकको विस्तार | 1 | 1 | |
| 71 | 7.3.2 | सडकको स्तर उन्नति | 1 | 0.5 | |
| 72 | 7.3.3 | खानेपानी सेवा विस्तार | 1 | १ | |
| 73 | 7.3.4 | वार्षिक योजनाको कार्यान्वयन स्थित | 1 | १ | |
| 74 | 7.3.5 | फोहोर मैला व्यवस्थापन | 1 | 0 | |
| 75 | 7.3.6 | औद्योगिक पूर्वाधार | 1 | 0 | |
| **सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण** | | | | | |
| 76 | 8.1.1 | सामाजिक विभेदको न्यूनिकरण | 1 | 0.5 | |
| 77 | 8.1.2 | समानुपातिक सहभागिता | 1 | ० | |
| 78 | 8.2.1 | सामाजिक सुरक्षा तथा संरक्षण | 1 | 0 | |
| 79 | 8.2.2 | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा | 1 | 0.5 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चेतनामूलक अभियान | | | |
| 80 | 8.2.3 | बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु | 1 | 0.5 | |
| 81 | 8.2.4 | लैङ्गिक उत्तरदायी बजेट परीक्षण ( GESI) | 1 | 0 | |
| 82 | 8.3.1 | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ.ब. को तुलनामा) | 1 | 0.5 | |
| 83 | 8.3.2 | बालश्रम, बालविवाह, वहुविवाह, दाइजो/ बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी (सशर्त अनुदान बाहेक बाँकी बजेटको) | 1 | 0.5 | |
| 84 | 8.3.3 | महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/अध्यक्ष भएको उपभोक्ता समितिहको सङ्ख्या (कूल गठित उपभोक्ता समितिको) | 1 | 0.5 | |
| 85 | 8.3.4 | आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका,दलित,अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी (सशर्त अनुदान बाहेक बाँकी बजेटको) | 1 | 0.5 | |
| सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | | | | | |
| 86 | 9.1.1 | विपद् व्यवस्थापन | 1 | 0 | |
| 87 | 9.2.1 | वातावरणीय प्रदुषण नियन्त्रण (जल, भूमि, ध्वनि, वायु र खाद्य) | 1 | 0.5 | |
| 88 | 9.2.2 | वातवरणमैत्री पूर्वाधार | 1 | 0 | |
| 89 | 9.2.3 | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन | 1 | 0 | |
| 90 | 9.3.1 | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | 1 | 0 | |
| 91 | 9.3.2 | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता | 1 | 0 | |
| 92 | 9.3.3 | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन (वार्षिक रुपमा) | 1 | १ | |
| 93 | 9.3.4 | टोल विकास संस्था गठन तथा सञ्चालन | 1 | | |
| 94 | 9.3.5 | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | 1 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **सूचक १०: क्षेत्र सहकार्य र समन्वय** | | | | |
| 95 | 10.1.1 | संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय | 1 | 0 | | |
| 96 | 10.1.2 | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन, राजश्व सङ्कलन आदि) | 1 | 0 | | |
| 97 | 10.2.1 | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन | 1 | 0.5 | | |
| 98 | 10.3.1 | अन्तर सरकारी समन्बय तथा सहजीकरण | 1 | 0.5 | | |
| 99 | 10.3.2 | अन्तर स्थानीय तह साझेदारी | 1 | 1 | | |
| 100 | 10.3.3 | जिल्ला समन्वय समितिसँगको समन्बय | 1 | ० | | |
| | | **जम्मा** | **100** | **२४** | | |

**निर्णय नं. ८:**

नेपाल सरकारद्वारा स्वीकृत स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम स्वमूल्याङ्कन गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा मिति २०७७।१२।११ देखि मिति २०७७।१२।१३ सम्म र मिति २०७८।०२।२४ मा सञ्चालित स्वमूल्याङ्कन अभिमुखीकरण तथा कार्यशालाबाट तयार गरिएको स्वमूल्याङ्कनको नतिजा माथि छलफल गर्दै स्वमूल्याङ्कन नतिजा सुधारका लागि प्रस्तावित कार्ययोजनाउपर छलफल गरी संलग्न बमोजिमको नतिजा सुधार कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ९ :**

प्रस्ताव नं ८ मा छलफल गर्दा मिति २०७८।०२।२२ गते बसेको गाउँ शिक्षा समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं १० :**

प्रस्ताव नं ९ मा छलफल गर्दा **"मातृभाषामा आधारित वहुभाषा प्रवर्द्धन तथा संरक्षण निर्देशिका, २०७८"** आजकै मितिदेखि लागु हुनेगरी सर्बसम्मतीले पारित गर्ने साथै मातृभाषामा आधारित वहुभाषा शिक्षा लागु भएका विद्यालयहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिदिनको लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा माग लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं ११ :**

प्रस्ताव नं १० मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका बिभिन्न स्थानहरुमा अघिल्लो वर्ष र यस वर्षमा विपदजन्य घटनामा परी जनधनको क्षति भएका परिवारहरुलाई विपद तथा प्रकोप व्यवस्थापन कोषबाट विपद व्यवस्थापन कार्यविधिको आधारमा क्षतिपूर्ति रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १२ :**

- चालु आवको प्रथम ३ महिनामा जनप्रतिनिधिहरुको तलब भत्ताबाट राहत कोषमा कट्टी गरिएको रकममध्येबाट वडा नं १ अध्यक्ष श्री मकरसिङ गुरुङलाई रु ५० हजार, कार्यपालिका सदस्य श्री लहरी बुढालाई रु ५० हजार र ७ नं वडा अध्यक्ष श्री हेमजङ्ग घर्तिलाई रु ४० हजार उपचार खर्च रकम उपलब्ध गराउने निर्णय गरियो।
- आजको कार्यपालिकाको बैठकले गरेका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गर्दै आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम पेश गर्न मिति २०७८।०३।०९ गते साथै बजेट पेश गर्न मिति २०७८।०३।१० गते गाउँसभाको बैठक आह्वान गर्ने निर्णय गरियो।
- यस पुथा उत्तरगंगा गाउँपालिकाका व्याक हो लोडर र स्काभेटरलाई अव उपरान्त सम्झौता बेगर सन्चालन गर्न नपाउने साथै मेशिनहरु चलाए वापत यस अघिकै दररेट कायम गर्ने निर्णय गरीयो।
- यस गाउँपालिकाको वडा नं ९ खारावाङस्थित गुम्रीगाड लघुजलविद्युत आयोजनामा यस अघिको आवमा विनियोजित बजेटको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रिट परेको तथा यस आवमा पनि पुनः बजेट विनियोजन भई काम सम्पन्न भएको भनि वडा कार्यालयको सिफारीस प्राप्त भई भुक्तानीको क्रममा सम्बन्धित उपभोक्ता समिति र गाउँकार्यपालिकाको कार्यालयबीच विवाद उत्पन्न भएकोले सो योजनालाई स्थलगतरुपमा निरीक्षण एवम् अनुगमन गरी वस्तुस्थिति पत्ता लगाउन मिति २०७८ जेठ ३१ गतेभित्र गाउँपालिका उपाध्यक्ष एवम् अनुगमन समितिका संयोजक श्री ओम कुमारी शाही मल्लको नेतृत्वमा भौतिक पूर्वाधार समितिका सदस्य श्री गंगा बहादुर पुन, श्री टोपे सेन, प्रवक्ता श्री भिम बहादुर मल्ल लगाएत गाउँपालिकाका कर्मचारीहरुलाई संयुक्तरुपमा खटाई मिति २०७८ असार ९ गतेको कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो।
- साथै वडा नं ९ स्थित आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणको विषयमा समेत विवाद भएकोले सोही क्रममा उक्त आयोजनालाई समेत अनुगमन गरी वस्तुस्थितिको बारेमा प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो।